PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्यूरो
बबरमहल,काठमाण्डौ।

## प्रेस विज्ञप्ति-३३

फो.नं.: ०१-५३३९५६९
०१-५३४११७७

### "ओमन पुर्याई जबर्जस्ती बेश्याबृत्तीमा लगाउने कार्यमा संलग्न व्यक्ति पक्राउ"

ओमनमा आकर्षक तलब हुने घरेलु काममा पठाईदिने प्रलोभन देखाई मिति २०८०/०५/२६ गतेका दिन काठमाण्डौबाट भिजिट भिषामा ओमनको मस्कट शहरमा पुर्याई अभीयुक्तका साथीहरुले निजलाई एजेन्ट अफिसमा राखि ग्राहक बोलाई जवरजस्ती वेश्यावृत्तिमा लगाई शारीरिक तथा मानसिक यातना दिईराखेको अवस्थामा उद्दार हुन सफल भई यस व्युरोमा पेश गरेको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा फरार रहेका निज बिष्णु बहादुर रानालाई यस व्युरोबाट खटीएको टोलीले तदरुकताका साथ खोजतलास गर्ने क्रममा मिति २०८० चैत्र ०९ गतेका दिन बालाजु यरीयावाट पक्राउ गरी सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार मुद्दामा दिन ०५ (पाँच) को म्याद थप अनुमति लिई आवश्यक थप अनुसन्धान भईरहेको।

**पक्राउ परेको अभियुक्तको विवरण :-**

**अभियुक्तको फोटो**



- **नामः- विष्णु बहादुरँ राना, उपनामः-** आकाश राना
- **उमेरः-** ४० बर्ष
- **स्थायी वतनः-** जिल्ला पाल्पा तिनाउ गा.पा. वडा नं. ५।
- **अस्थायीः-** काठमाण्डौ जिल्ला तारेकेश्वर न.पा वडा नं. ०६।

**प्रारम्भीक अनुसन्धानका क्रममा खुलेका कुराहरुः-**

- आर्थिक अवस्था कमजोर रहेकी जाहेरवाली साधारण लेखपढ गर्न जान्ने रहेको।
- पिडीतलाई ओमनमा घरमा बच्चा हेर्ने काममा मासिक रु.८० देखी ९० हजारसम्म कमाई हुने प्रलोभन देखाई भिजिट भिसामा ओमन पठाएको देखीएको।
- ओमन पुगीसकेपछि त्यहाँ रहेका अभीयुक्तका साथीहरुले निजलाई रिसीभ गरि एजेन्ट अफिसमा लगी मोवाईल र पासपोर्ट जफत गर्दै अन्य कागजातहरु च्यात्न लगाएको खुल्न आएको ,त्यहाँ नेपाल लगायतका अन्य देशहरुका महीलाहरु समेत रहेको बुझीन आएको।
- पिडीतलाई ३६ दिन सम्म कोठामै बन्धक बनाई जबर्जस्ति बेश्याबृत्तीमा लगाउने,नमानेमा कुटपिट गर्ने,खाना र पानी नदिने, तथा A/C चिसो र तातो बनाई शारिरिक यातना समेत दिने गरेको खुल्न आएको।
- पिडीतले आफुलाई नेपाल फिर्ता गरिदिन अनुरोध गर्दा एजेन्टहरुले रुपैया रु. २,५०,००० ।- माग गरेकोमा श्रीमानको पहलमा उक्त रकम तिरी मिति २०८०/०७/०२ (तदनुसार 02 Oct 2023) मा पिडीत नेपाल फर्कन सफल भएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको।

**मितिः-२०८०/१२/१२ गते।**

**सूचना अधिकारी**
(गौतम मिश्र)
प्रहरी उपरीक्षक
सम्पर्क नं.९८५१२९२२०२